**प्रदेश सभा, प्रदेश नं. २**

**पाँचौ अधिवेशन**

**बैठक संख्या १**

**सूचना पत्र २ (बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ साल चैत्र ३० गते सोमबार**

---

प्रदेश सभाको पाँचौ अधिवेशनको पहिलो बैठक मा० सभामुख श्री सरोज कुमार यादबको अध्यक्षतामा दिनको २:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम, मा० सभामुखले मा प्रदेश प्रमुखबाट प्राप्त पाँचौ अधिवेशन आह्वान सम्बन्धी पत्र पढेर सुननाउनु भयो ।

त्यसपछि नेपालका ज्ञात अज्ञात शहिद प्रति सभामा एक मिनेटको मौन धारण भयो ।

ततपश्चात नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) प्रदेश सभा संसदीय दलको कार्यालय प्रदेश नं.२ को पत्रानुसार मा० रामचन्द्र मण्डल, मा० ज्वाला कुमारी साह, मा० कुन्दन प्रसाद कुशवाहा र मा० मोहम्मद समीरले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) त्याग गरेको सूचना मा. सभामुखले राजनीतिक दल सम्बन्धी ऐन बमोजिम सभामा जानकारी गराउनु भयो ।

त्यसपछि मा० सभामुखले मा० प्रदेश प्रमुखबाट प्राप्त तपसीलमा उल्लेखित प्रमाणिकरण भएको विधेयकहरूको विवरण सभामा जानकारी गराउनु भयो ।

- प्रदेश अनुसन्धान ब्यूरो विधेयक, २०७७
- प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक, २०७७
- मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
- बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
- प्रदेश उद्योग व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
- बालबालिकाको हक अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

ततपश्चात मा. मुख्यमन्त्री श्री लालबाबु राउतज्यूले आफ्नो मनतब्य तथा शुभकामना ब्यक्त गर्नुभयो ।

ततपश्चात तपसीलका माननीयज्यूहरूले क्रमशः बोल्नु भयो ।

१. मा. श्री शत्रुधन महतो
२. मा. श्री शिवचन्द्र चौधरी
३. मा. श्री भरत साह
४. मा. सुरिता साह
५. मा. श्री वीरेन्द्र सिंह
६. मा. श्री ओमप्रकाश शर्मा
७. मा. श्री रानी कुमारी तिवारी
८. मा. श्री दिलिप कुमार साह
९. मा. डा. श्री रीना यादब
१०. मा. श्री उपेन्द्र महतो
११. मा. श्री भिमा यादब
१२. मा . श्री वच्चा राउत अहिर
१३. मा. श्री सन्चमाया मोक्तान
१४. मा. श्री रामसरोज यादब
१५. मा. श्री नेत्रविक्रम साह

त्यपछि मा. सभामुखले नयाँ वर्ष २०७८, जुरसितल, सिरूवा पर्व र मुस्लीम धर्मालम्बीहरूको रमजानको शुभकामना ब्यक्त गर्नु भयो।

ततपश्चात प्रदेश सभाको अर्को बैठक मिति २०७८ बैशाख १० गते दिनको १ बजे हुने जानकारी दिनु भयो ।

तद्न्तर प्रदेश सभाको बैठक २०७८ बैशाख १० गते दिनको १ बजेसम्मको लागि स्थगित भयो ।